दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

## दंगीशरण गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम ९ (१) बमोजिमको कार्यपालिका बैठकको कार्यसूची बुझेको भरपाई

बैठक संख्याः १६/२०८०/०८१ मितिः २०८१/०३/१९

बैठक बस्ने स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ समयः दिनको २.०० बजे

| क्र.सं. | कार्यसूचि | प्रस्तावक | प्रस्ताव पेश गर्नुको कारण | कैफियत |
|---|---|---|---|---|
| १ | कृषि तथा पशु विकासमा आधारित युवा उद्यमशीलता परियोजना (हेफर नेपाल) को दोश्रो किस्ताको पेश्की फछ्र्यौट गरी बाँकी रकम भुक्तानी दिने सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| २ | स्वास्थ्यकर्मीहरूको नपुग तलब रकम सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ३ | आर्थिक सहायता सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ४ | गत वर्षातको समयमा क्षति पुगेका वडा नं. २, ४ र ६ को बाटो मर्मतको रकम भुक्तानी सम्बन्धमा | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ५ | वडा नं. ६ को थपगाउँ चिरेगार खोलामा नयाँ ट्र्याक खोल्ने सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ६ | गरिवसँग विशेश्वर कार्यक्रमका सहजकर्ताको लागि वडा नं. ७ ले विनियोजन गरेको रकम सम्बन्धमा | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ७ | घरजगगा रजिष्ट्रेशनको न्यूनतम मूल्याङ्कन सम्बन्धमा | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ८ | विविध । | श्री शम्भु गिरी | निर्णयार्थ | |

### प्रस्ताव बुझेको भरपाई

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री पिमा कुमारी वली खड्का | उपाध्यक्ष | |
| २. | श्री रमेश भण्डारी | वडाध्यक्ष | |
| ३. | श्री डम्बर खत्री | वडाध्यक्ष | |
| ४. | श्री सुकलाल चौधरी | वडाध्यक्ष | |
| ५. | श्री कमल थारू | वडाध्यक्ष | |
| ६. | श्री निरज बस्नेत | वडाध्यक्ष | |

| | | | |
|---|---|---|---|
| ७. | श्री रोशन जङ्ग शाह | वडाध्यक्ष | |
| ८. | श्री रेशम बहादुर वली | वडाध्यक्ष | |
| ९. | श्री मिना चौधरी | कार्यपालिकासदस्य | |
| १०. | श्री दुर्पति थरूनी | कार्यपालिकासदस्य | |
| ११. | श्री टंकी भण्डारी | कार्यपालिकासदस्य | |
| १२. | श्री चन्दा योगी | कार्यपालिकासदस्य | |
| १३. | श्री कृष्ण कामी | कार्यपालिकासदस्य | |
| १४. | श्री सितारा नेपाली | कार्यपालिकासदस्य | |

गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

दंगीशरण गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम ९ (१) बमोजिम कार्यपालिका बैठकको कार्यसूची

बैठक संख्याः १६/२०८०/०८१ मितिः २०८१/०३/२१

बैठक बस्ने स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ समयः दिनको २.०० बजे

| क्र.सं. | कार्यसूचि | प्रस्तावक | प्रस्ताव पेश गर्नुको कारण | कैफियत |
|---|---|---|---|---|
| १ | कृषि तथा पशु विकासमा आधारित युवा उद्यमशीलता परियोजना (हेफर नेपाल) को दोश्रो किस्ताको पेश्की फछ्र्यौट गरी बाँकी रकम भुक्तानी दिने सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| २ | स्वास्थ्यकर्मीहरूको नपुग तलब रकम सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ३ | आर्थिक सहायता सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ४ | गत वर्षातको समयमा क्षति पुगेका वडा नं. २, ४ र ६ को बाटो मर्मतको रकम भुक्तानी सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ५ | वडा नं. ६ को थपगाउँ चिरेगार खोलाको धार परिवर्तन सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ६ | गरिवसँग विशेश्वर कार्यक्रमका सहजकर्ताको लागि वडा नं. ७ ले विनियोजन गरेको रकम सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ७ | घरजगगा रजिष्ट्रेशनको न्यूनतम मूल्याङ्कन सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ८ | विविध ।<br>(क) ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |

प्रस्ताव प्रमाणित गर्नेको नामः शम्भु गिरी

पदः अध्यक्ष

दस्तखतः

शम्भु गिरी
अध्यक्ष

दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

## बैठक नं. १६/२०८०/०८१

**बैठक बसेको मितिः** २०८१/०३/२१

**बैठक बसेको स्थानः** दंगीशरण गाउँपालिकाको सभा हल

आज मिति २०८१/०३/२१ गतेका दिन दंगीशरण गाउँपालिकाका अध्यक्ष श्री शम्भु गिरी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका सदस्यहरूको उपस्थितिमा दंगीशरण गाउँ कार्यपालिकाको बैठक बसी सर्वसम्मतिबाट निर्णय पारित गरियो ।

### उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री शम्भु गिरी | अध्यक्ष | |
| २. | श्री पिमा कुमारी वली खड्का | उपाध्यक्ष | |
| ३. | श्री डिलाराम पाण्डे | सचिव | |
| ४. | श्री रमेश भण्डारी | वडाध्यक्ष | |
| ५. | श्री डम्बर खत्री | वडाध्यक्ष | |
| ६. | श्री सुकलाल चौधरी | वडाध्यक्ष | |
| ७. | श्री कमल थारू | वडाध्यक्ष | |
| ८. | श्री निरज बस्नेत | वडाध्यक्ष | |
| ९. | श्री रोशन जङ्ग शाह | वडाध्यक्ष | |
| १०. | श्री रेशम बहादुर वली | वडाध्यक्ष | |
| ११. | श्री मिना चौधरी | कार्यपालिका सदस्य | |
| १२. | श्री दुर्पति थरूनी | कार्यपालिका सदस्य | |
| १३. | श्री टंकी भण्डारी | कार्यपालिका सदस्य | |
| १४. | श्री चन्दा योगी | कार्यपालिका सदस्य | |
| १५. | श्री कृष्ण कामी | कार्यपालिका सदस्य | |
| १६. | श्री सितारा नेपाली | कार्यपालिका सदस्य | |

## मिति २०८१ साल असाढ २१ गते बसेको कार्यपालिका बैठकका निर्णयहरू

**प्रस्ताव नं. १**
कृषि तथा पशु विकासमा आधारित युवा उद्यमशीलता परियोजना (हेफर नेपाल) को दोश्रो किस्ताको पेश्की फछ्र्यौट गरी बाँकी रकम भुक्तानी दिने सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** कृषि तथा पशु विकासमा आधारित युवा उद्यमशीलता परियोजना (हेफर परियोजना) को दोश्रो किस्ताको पेश्की रकम फछ्र्यौट गरी बाँकी रकम भुक्तानी दिनुपर्ने भएकोले ।

**हुनु पर्ने निर्णयः** कृषि तथा पशु विकासमा आधारित युवा उद्यमशीलता परियोजना (हेफर परियोजना)लाई कार्यक्रम सञ्चालनको लागि दिइएको दोश्रो किस्ता बापतको रकम परियोजना व्यवस्थापन समितिको सिफारिस अनुसार फछ्र्यौट गरी कार्यक्रम सञ्चालन भइसकेको हकमा भुक्तानीका लागि माग भएको रू. २३१२२३०/- (तेइस लाख बाह् हजार दुई सय तीस मात्र) भुक्तानी दिने ।

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हेकुली, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

**प्रस्ताव नं. २**
स्वास्थ्यकर्मीहरूको नपुग तलब रकम सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिकामा कार्यरत स्थायी स्वास्थ्यकर्मीहरूको तलब भत्ताको लागि निकाशा भएको रकम नपुग भई विगत ४ महिनादेखि भुक्तानी हुन बाँकी रहेको तलब भत्ता भुक्तानी दिनुपर्ने भएकोले ।

**हुनु पर्ने निर्णयः** दंगीशरण गाउँपालिकाको स्वीकृत स्थायी दरबन्दीमा रहेका र दरबन्दीभन्दा बढी रहेका स्वास्थ्यकर्मीहरूको विगत ४ महिनादेखि भुक्तानी हुन बाँकी तलब भत्ता निकासा नभएको खण्डमा प्रशासन समूहका कार्यालय सहयोगीहरूको भुक्तानी भएको तलबभत्ता गाउँपालिकाको तलब भत्ताबाट सोधभर्ना गर्ने गरी भुक्तानी दिने र नपुग रकम आगामी आर्थिक वर्षमा भुक्तानी दिने व्यवस्था मिलाउने ।

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

**प्रस्ताव नं. ३**
आर्थिक सहायता सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिकाका विभिन्न वडाहरूबाट सिफारिस भई आएका तथा गाउँ कार्यपालिकाको कार्यालयमा सोझै निवेदन दिई आर्थिक सहायता माग गरेका व्यक्तिहरूलाई समस्याको प्रकृति र गाम्भिर्यताको आधारमा आर्थिक सहायता उपलब्ध गराउनु पर्ने भएकोले।

गाउँ कार्यपालिकाको
बैठक संख्याः १६।२०८१०८१
मितिः २०८१।०३।२१ को
निर्णय प्रमाणित।

८१।३।२१
डिल्लीराम पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

**हुनु पर्ने निर्णयः** दंगीशरण गाउँपालिकाको आर्थिक सहायता वितरण कार्यविधि, २०७५ बमोजिम आर्थिक सहायता मागको किसिम, समस्याको प्रकृति तथा औचित्यको आधारमा भुक्तानी भएका तपसिल बमोजिमका आर्थिक सहायतालाई समर्थन तथा भुक्तानी हुन बाँकीलाई भुक्तानी गर्ने।

तपसिल

| क्र.सं. | व्यक्ति वा संस्थाको नाम | ठेगाना | सहायता रकम | सहायताको कारण | भुक्तानी |
|---|---|---|---|---|---|
| १ | सी-पाना त्रैमासिक | घोराही, दाङ | ५०००/- | सन्देश प्रकाशन | नभएको |
| २ | नेपाल कम्युनिस्ट पार्टी | केन्द्रीय समिती | १००००/- | | नभभएको |
| ३ | श्री कृष्णी चौधरी | दंगीशरण-२, दाङ | ४०००/- | खट्टा भाँचिएको | भएको |
| ४ | श्री सन्देश रम्तेल | इलाम न.पा.-८ | ५०००/ | विश्व साइकल यात्री | नभएको |

**निर्णयः** दिएको आर्थिक सहायता समर्थन गरी रकम दिन बाँकीलाई भुक्तानी गर्ने ।

**प्रस्ताव नं. ४**

गत वर्षातको समयमा क्षति पुगेका वडा नं. २, ४ र ६ को बाटो मर्मतको रकम भुक्तानी सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** गत वर्ष वर्षातको समयमा वडा नं. २, ४ र ६ मा बाटो मर्मत बापतको भुक्तानी हुन बाँकी रकम भुक्तानी दिनु पर्ने भएकोले ।

**हुनु पर्ने निर्णयः** गत वर्षको वर्षा तथा बाढीले बाटोमा क्षति पुर्याएको हुँदा तत्काल मर्मत सम्भार गर्नुपर्ने भई बाटो मर्मत गरिएको र कार्यपालिकाको मिति २०८०/०७/०२ को निर्णयानुसार मर्मत सम्भार कोषबाट भुक्तानी दिने भनि निर्णय भएकोमा वडा नं. २, ४ र ६ मा गरिएको बाटो मर्मतको रकम हालसम्म पनि भुक्तानी नभएको र मर्मत सम्भार कोषमा रकम नपुग भएकोले प्राविधिक मूल्याङ्कनका आधारमा विपद् व्यवस्थापन कोषबाट रकम भुक्तानी दिने ।

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हेकुली, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

**प्रस्ताव नं. ५**

वडा नं. ६ को थपगाउँ चिरेगार खोलामा धार परिवर्तन सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिका वडा नं. ६ को थपगाउँ चिरेगार खोलामा धार परिवर्तन गर्दा भएको खर्च भुक्तानी दिनुपर्ने भएकोले ।

**हुनु पर्ने निर्णयः** दंगीशरण गाउँपालिका वडा नं. ६ को थपगाउँ चिरेगार खोलाको धार परिवर्तन भएको कार्यको प्राविधिक मूल्याङ्कन गरी खर्च भएको रकम विपद् व्यवस्थापन कोषको बाँडफाँड अनुसार मर्मत सम्भारबाट भुक्तानी दिने ।

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

**गाउँ कार्यपालिकाको**
**बैठक संख्या:** १६/२०८०/०८१
**मिति** २०८१/०३/२२ **को**
**निर्णय प्रमाणित।**

दिलाराम पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ६**
गरिवसँग विशेश्वर कार्यक्रमका सहजकर्ताको लागि वडा नं. ७ ले विनियोजन गरेको रकम सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त विवरणः** दंगीशरण गाउँपालिका वडा नं. ७ मा सञ्चालित गरिबसँग विशेश्वर कार्यक्रमको सहजकर्ताको थप पारिश्रमिकको लागि वडा नं. ७ बाट विनियोजित रकमबाट पारिश्रमिक भुक्तानी दिनुपर्ने भएकोले ।

**हुनु पर्ने निर्णयः** दंगीशरण गाउँपालिका वडा नं. ७ मा सञ्चालित गरिबसँग विशेश्वर कार्यक्रमको सहजकर्ताको पारिश्रमिक न्यून भई थप पारिश्रमिकको लागि वडा नं. ७ बाट रू. ३९०००/- विनियोजन भएकोमा निजले खाइपाई आएको पारिश्रमिकमा मासिक रू. ३०००/- र चाडपर्व खर्च रू. ३०००/- थप गरी भुक्तानी दिने ।

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

**प्रस्ताव नं. ७**
घरजग्गा रजिष्ट्रेशनको लागि जग्गाको न्यूनतम मूल्याङ्कन सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** मालपोत कार्यालय तुलसीपुर, दाङको प.सं. २०८०/०८१ च.नं. ८३११ मिति २०८१/०२/२३ को पत्र बमोजिम दंगीशरण गाउँपालिकाभित्र पर्ने घरजग्गा रजिष्ट्रेशनको लागि न्यूनतम मूल्याङ्कन निर्धारण गरी पठाउनु पर्ने भएकोले ।

**हुनु पर्ने निर्णयः** मालपोत कार्यालय तुलसीपुर, दाङको प.सं. २०८०/०८१ च.नं. ८३११ मिति २०८१/०२/२३ को पत्र बमोजिम दंगीशरण गाउँपालिकाभित्र पर्ने घरजग्गा रजिष्ट्रेशनको लागि साविक बमोजिम नै रहने गरी सिफारिस गर्ने ।

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

**प्रस्ताव नं. ८**
विविध ।
(क) ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा ।

प्रस्तावको संक्षिप्त व्यहोराः विभिन्न मितिमा ठेक्का सम्झौता भई कार्यान्वयनमा रहेका योजनाहरू विभिन्न कारणले तोकिएको समयमा सम्पन्न हुन नसकेकोले म्याद थप गर्नुपर्ने भएकोले ।

हुनु पर्ने निर्णयः विभिन्न मितिमा ठेक्का सम्झौता भई कार्यान्वयनमा रहेका देहायबमोजिममा योजनाहरू मौसमजन्य विपद् तथा अन्य विभिन्न कारणले समयमा सम्पन्न हुन नसकेकोले तपसिलमा उल्लेखित समयावधिको लागि ठेक्काको अवधि थप गर्ने ।

गाउँ कार्यपालिकाको
बैठक संख्याः १६।२०८०।०८१
मिति २०८१।०३।२९ को
निर्णय प्रमाणित।

डिलाराम पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

| क्र.सं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायी फर्मको नाम | थप भएको अवधि |
|---|---|---|---|---|
| १ | DRM/NCB/2077/78-13 | कलमखोला सडक पुल वडा नं. २ | बाबुल/केशव शाह/श्रीकृष्ण जे.भी. कोहलपुर-११, बाँके | ६ महिना |
| २ | DRM/NCB/2080/81-05 | डाँडागाउँ वडा कार्यालयदेखि पोटली डवरा हुँदै हेकुली सडकसम्म कालोपत्रे योजना वडा नं. ५ | जयमहाकाल के.सी. कन्स्ट्रक्सन् शान्तिनगर-५, दाङ | ६ महिना |
| ३ | DRM/NCB/2080/81-01 | बैवाङ रामपुर वडा कार्यालय सडक कालोपत्रे योजना वडा नं. १ | यम.आर.के.सी. कन्स्ट्रक्सन तुलसीपुर-११ दाङ | ६ महिना |

निर्णयः माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

गाउँ कार्यपालिकाको
बैठक संख्याः १६/२०८०/०८१
मितिः २०८१/०३/२९ को
निर्णय प्रमाणित।

डिल्लाराम पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

दंगीशरण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३